राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

वर्ष ६ अंक २८७ २०८२ जेठ ३० गते शुक्रवार (13 June 2025) पृष्ठ ४ मूल्य रु. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## सरकार संघीयता चाहँदैन भन्ने कुरा बजेटले प्रस्ट पारेको छः उपेन्द्र यादव



दैनिक समाचारदाता
काठमाडौँ २९ जेठ । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले अगामी आर्थिक वर्षको बजेटमा सरकारले संघीयता नचाहेको आरोप लगाएका छन् ।

बजेट जनसंख्याका आधारमा विनियोजन हुन नसकेको उनले गुनासो गरेका हुन् । यादवले जनसंख्या तथा मानव सूचकांकको आधारमा विश्वमा बजेट निर्माण हुने उदाहरण दिँदै नेपालमा भने त्यस्तो नदेखिएको बताएका हुन् ।

बिहीबार पार्टीको आधिकारिक युट्युब च्यानलमार्फत उनले भनेका छन्, 'जहाँ जनसंख्याको चाप छ, गरिबी, अशिक्षा, स्वास्थ्य अभाव छ, त्यहाँ न्यून बजेट दिइएको छ ।'

मधेसमा ६० प्रतिशत जनसंख्या रहे पनि यहाँ नामको मात्र बजेट दिइएको उनले अरोप लगाए । जनसंख्या नभएको ठाउँमा भने बजेट फालाफाल भएको उनको भनाइ थियो ।

'गरिब, विपन्न तथा पिछडिएका समुदायलाई यो बजेटले छुन सकेन, नेपालमा २४ प्रतिशतभन्दा बढी जनसंख्या गरिबीको रेखामुनि छन्,' यादवले भने, 'उनीहरूका लागि बजेट आएन ।'

बिचौलिया, दलाल, माफिया, तस्कारहरूलाई मात्र फाइदा हुने खालेको बजेट आएको तर्क गरेका यादवले संघीयतालाई बलियो बनाउन यो बजेटले कुनै कार्यक्रम नल्याएको गुनासो गरेका हुन् ।

'सात वटा प्रदेशका लागि सरकारले जति बजेट विनियोजन गरेको छ, त्योभन्दा बढी त संघमा एउटा मन्त्रालयको बजेट छ,' उनले स्पष्ट पारे । पहिला प्रदेशलाई दिइँदै आएको बजेटसमेत कटौतीमा परेको उनको भनाइ थियो ।

'यसले प्रस्ट भयो कि; सरकारले संघीयता चाहेकै छैन, या प्रदेशलाई बलियो बनाउन चाहेको छैन । यो सरकार संघीयताविरोधी रहेको कुरा बजेटले प्रस्ट पारेको छ,' उनले भने ।

पञ्चायतकालमा दिइएको स्वायत्तताजति पनि अहिलेका प्रदेशहरूले अधिकार नपाएका उनले गुनासो गरे । यो बजेट सिंहदरबारकेन्द्रित रहेकाले पञ्चवर्षीय योजना र सरकारको नीति तथा कार्यक्रमबिच तालमेल नरहेको उनले आरोप लगाए । 'नीति तथा कार्यक्रम एकातिर छ, बजेट अर्कैतिर,' उनले भने ।

राष्ट्रिय बैंकको प्रतिवेदनले चालु आर्थिक वर्षको १० महिनाको व्यापार घाटा मात्रै १२ खर्ब ५६ अर्ब २८ करोड रहेको देखाएको उल्लेख गर्दै यादवले नेपाल आयातामुखी देश बनेको बताए ।

व्यापारघाटा अत्यधिक रहे पनि यसलाई कम गर्नेतर्फ कसैको ध्यान नगएको उनको भनाइ थियो । 'यसले देश झन् गरिब भइरहेको छ,' उनले भने । पूर्वप्रधानमन्त्रीहरूका घर तथा दलका शीर्ष नेताहरूका ठाउँमा भएजति बजेट खन्याइएको आरोप लगाएका उनले भने, 'जुन जिल्लामा बजेट आवश्यक छ, त्यहाँ छैन । तराईका जिल्लाहरूलाई अत्यधिक उपेक्षा गरिएको छ ।'

## एयर इण्डिया विमान दुर्घटनामा पूर्वमुख्यमन्त्री सहित २४२ जनाको मृत्यु


दैनिक समाचारदाता
काठमाडौं २९ जेठ । भारतको अहमदाबादमा भएको एयर इन्डियाको विमान दुर्घटनामा गुजरातका पूर्वमुख्यमन्त्री विजय रुपाणीसहित अधिकांशको मृत्यु भएको छ ।

बिहिबार दिउँसो अहमदाबादबाट लन्डन प्रस्थान गर्न लागेको एयर इन्डियाको फ्लाइट एआइ १७१ विमानमा २३२ यात्रुसहित १० क्रू मेम्बर सवार थिए ।

दुर्घटनामा कोही पनि जिवित भेटिने आशा नदेखिएको अहदाबादका पुलिस कमिश्नर जीएस मलिकको भनाइ उद्धृत गर्दै समाचार संस्था एपीले जनाएको छ ।

उनका अनुसार घाइते अवस्थामा अस्पताल लगिएका यात्रुहरुको अवस्था पनि अत्यन्तै गम्भीर छ र बचाउन मुश्किल देखिएको छ ।

दुर्घटनास्थलमा अहिलेसम्म १०० जनाको शव भेटिएको भारतीय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।



दुर्घटनामा परेको विमान बोइङ ७८७(८ एयरक्र्याफट हो । बिहिबार दिउँसो १:३८ बजे ( भारतीय समय) रने(वे बाट टेक अफ गरेको विमान १:४० मै तल खसेको थियो ।

विमाननस्थलकै पर्खाल र एयर कस्टम कार्गो अफिस नजिकै विमान ठोक्किएको थियो । प्रत्यक्षदर्शीका अनुसार विमान उडान भर्दादेखि नै निकै तल उडिरहेको थियो ।

दुर्घटनापछि विमान दुई टुक्रा भएको निकै ठूलो आगोको मुस्लो देखिएको प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै बीबीसी हिन्दीले उल्लेख गरेको छ ।

अहमदाबादको सरदार बल्लवभाइ पटेल अन्तर्राष्ट्रिय विमानस्थलको रन(वे बाट टेकअफ गरेको केही मिनेटमै विमान नजिकै भवनमा ठोक्कियो ।

विमान ठोक्किएको पाँचतले भवन अहमदाबादको अस्पतालका डाक्टरहरुको आवास भएको बताइएको छ । विमान खसेर आगलागी हुँदा १५ जना डाक्टर घाइते भएका विवरणहरु आएका छन् ।

दुर्घटनापछि एयर इन्डियाले यात्रुका आफन्तलाई सहजीकरण र सूचना दिन हटलाइन नम्बर जारी गरेको जनाएको छ ।

## 'हजरा खातुनको न्यायको गुहार, बस्नलाई एक छानाको माग'



दैनिक समाचारदाता
जनकपुरधाम, २९ जेठ । महोत्तरीको बलवा नगरपालिका-४ स्थायी घर भई हाल मनरासिसवा नगरपालिका-६ मा बसोबास गर्दै आएकी २३ वर्षीया हजरा खातुनले पति अली हुसैन नदाफ, सासु जिवछी खातुन र नन्द अरविना खातुनबाट विगत चार वर्षदेखि शारीरिक, मानसिक तथा सामाजिक यातना भोग्नुपरेको बताउँदै न्यायको माग गरेकी छन्।


जनकपुरधाममा बिहीबार आयोजित पत्रकार सम्मेलनमा हजराले आफ्नो पीडा सार्वजनिक गर्दै भनिन्, "म र मेरो पाँच वर्षीय छोराको लागि बस्नलाई एउटा घर मात्रै आवश्यक छ।"

हजरा खातुन र अली हुसैन नदाफबीच २०५५ साल जेठ २२ गते सामाजिक र धार्मिक परम्परा अनुसार विवाह भएको थियो। प्रारम्भिक केही वर्षसम्म दाम्पत्य जीवन सामान्य रुपले चलेको भए पनि पछि सम्बन्धमा चिसोपन बढ्दै गयो। वैवाहिक सम्बन्धबाट मोहम्मद शहजान नामका एक छोराको जन्म भएको थियो।

हजराका अनुसार, विवाहपछि सासु जिवछी खातुनले पटक-पटक दाइजोको नाममा मानसिक र शारीरिक यातना दिन थालिन्। "म एक्ली छोरी, घरमा धेरै सम्पत्ति थिएन। माग अनुसार दाइजो दिन नसकेको कारण सासुले सधैं अपमान, गालीगलौज र कुटपिट गर्थिन्," उनले भनिन्।

चार वर्षअघि उनका श्रीमान अली हुसैन वैदेशिक रोजगारीका लागि विदेश गएका थिए। त्यसपछि घरको अवस्था झन् बिग्रिएको हजराको भनाइ छ। श्रीमान विदेश गएपछि सासु र नन्दको मिलेमतोमा उनलाई घरबाट निकाला गरिएको र माइती फर्कन बाध्य पारिएको उनले आरोप लगाइन्।


अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



## सम्पादकीय

# मिथिलाको हराउँदै गएको इतिहासको पुनराविष्कार

धनुषाको सबैला नगरपालिका-६, गोविन्दपुर टोलस्थित खेत क्षेत्रमा राजा जनककालीन मठेश्वर महादेव मन्दिरको अवशेष फेला पर्नु केवल एउटा पुरातात्त्विक घटना मात्र होइन, यो मिथिला सभ्यताको गहिरो स्मृति र पहिचानको पुनरजागरण हो। पुरातत्व विभागको दुई वर्षे उत्खनन कार्यले मठेश्वर मठको ऐतिहासिक अस्तित्व पुष्टि गर्नु मिथिलाको धार्मिक, सांस्कृतिक र ऐतिहासिक चेतनाका लागि महत्वपूर्ण उपलब्धि हो ।

पुरातत्वविद्हरूको भनाइ अनुसार, भेटिएका गजुर, कलात्मक इँटा, फलामका औजार, भाँडाकुँडा, कुँवा र भग्नावशेषहरू कर्नाटवंशभन्दा पनि पुरानो समयका हुन्। मन्दिरको रथ शैली र मौलापुर मन्दिरसँगको मिल्दोपनले यो स्थल कुनै एक मन्दिरको सीमित गाथा होइन, सम्पूर्ण मिथिला क्षेत्रमा फैलिएको महादेव मठहरूको श्रृंखलाको केन्द्र हुन सक्ने सम्भावना देखाउँछ ।

यो खोज मात्र भूतकालको अवशेषमाथि गरिएको अनुसन्धान नभएर, भविष्यको धार्मिक पर्यटन र सांस्कृतिक पुनर्जागरणको ढोका खोल्ने प्रक्रिया हो। स्थानीय पुजारी विन्देश्वर दासले ८० वर्षदेखि मन्दिरको जग देख्दै आएको बताउनु, र अर्का स्थानीय राजकुमार यादवले अतीतमा अवशेष चोरी भएको उल्लेख गर्नुले स्पष्ट पार्छ कि यो स्थल लामो समयदेखि उपेक्षित रहँदै आएको थियो।

तर पछिल्लो समय स्थानीय सरकार, नगर प्रमुख, वडाध्यक्ष र प्रशासकीय अधिकृतको सक्रियताले आशाको किरण देखिएको छ। १५ लाख रुपैयाँको प्रारम्भिक बजेट विनियोजन गर्नु सकारात्मक कदम हो। तर, यति मात्र पर्याप्त हुने छैन। संघीय र प्रादेशिक सरकारको समन्वय र दीर्घकालीन संरक्षण योजना आवश्यक छ।

स्थानीय तहले विकास बजेटबाहेकका सबै स्रोत मन्दिर संरक्षणमा लगाउने प्रतिबद्धता जनाउनु सराहनीय छ। तर, यस्ता प्रतिबद्धता कागजमा सीमित नहोस् भन्नेमा जनचासो र अनुगमन जरुरी छ। पोखरीहरू सुक्न थालेका छन्, खेती योग्य जमिनमा परिणत भएका क्षेत्रहरूमा उत्खनन आवश्यक छ, र सम्पूर्ण क्षेत्रलाई सांस्कृतिक सम्पदा क्षेत्रको रूपमा घोषणा गर्न पहल हुनुपर्छ।

मठेश्वर मठको ऐतिहासिकता केवल मिथिलाको गौरव मात्र होइन, समग्र नेपालको सांस्कृतिक विविधताको प्रमाण पनि हो। यदि हामी समयमै संरचना पुन:निर्माण, संरक्षण र प्रचारमा लाग्न सक्यौं भने, यो स्थल भविष्यमा जनकपुरपछिको अर्को प्रमुख धार्मिक तथा पर्यटन गन्तव्य बन्न सक्छ।

यस मन्दिरको पुनरुत्थान मिथिला इतिहासको पुनर्लेखन मात्र होइन, हाम्रो समग्र सांस्कृतिक उत्तराधिकारप्रतिको जिम्मेवारी पनि हो। स्थानीय तह, सरोकारवाला निकाय र नागरिक समाज मिलेर यो साझा इतिहासलाई जीवन्त राख्न अब ढिलाइ गर्नु हुँदैन।

# के 'झोले आन्दोलन' वाम आन्दोलन बन्न सक्छ ?

*दामोदर अर्याल*

सबैलाई थाहा भएको सत्य के हो भने-विचारधारात्मक हिसाबले संसार विभाजित छ । यो विभाजन आज मात्र देखापरेको होइन । करिब ७० हजार वर्ष पहिले पृथ्वीमा सेपियन्सहरू (मानवजातिका पुर्खा) देखापरेदेखि नै यस प्रजातिमा अनेकौं विषयमा निरन्तर विभाजन हुँदै आएको पाइन्छ । विचारधारात्मक हिसाबले विभाजित भइरहने यो आनुवंशिक प्रवृत्तिका कारण नै सेपियन्सहरू आज आधुनिक मानवमा रूपान्तरण भएका हुन् ।



धरती, समुद्र, आकाश र अन्तरिक्षमा मानवको आश्चर्यजनक विजय, उनीहरूमा सधैं जागिरहने जिज्ञासा, त्यसले निर्माण गर्ने फरक विचार र त्यसबाट उत्पन्न संघर्ष अनि ती संघर्षको व्यवस्थापनले मात्रै मानव जातिको विकास सम्भव भएको हो । त्यसैले मानव जातिको थप उन्नतिका लागि विचारधारात्मक संघर्ष आवश्यक छ र यो संघर्ष सदैव जारी रहनेछ। यदि यो संघर्ष रोकियो भने मानव जातिको अस्तित्व पनि डाइनासोरझैं अन्त्य हुने खतरा छ ।

प्राचीनकालमै मानिसहरू विभाजित थिए-जङ्गलमा स्वतन्त्रतापूर्वक विचरण गर्ने कि नदी किनारमा स्थायी बसोबास गने ? भोजनको खोजी जङ्गलमै गर्ने कि खेती र पशुपालनबाट जीवन यापन गर्ने ? दासयुग कायम राख्ने कि वैभवशाली सामन्ती शासन रोज्ने ? धर्मशासित राज्य चाहिने कि राजाशासित ? प्रतिस्पर्धात्मक पुँजीवादी अर्थतन्त्र चाहिने कि समाजवादी प्रणाली ? यस्ता अनगिन्ती विषयहरूमा संसार सधैं विभाजित रहँदै आएको छ-वाद, सिद्धान्त, विचारधारा, नीति, कार्यक्रम, योजना, संस्कृति र धर्ममा ।

आजको युगमा मानव समाजको मूल विभाजन पुँजीवाद र समाजवादको धारमा छ । यो विभाजन केवल राजनीतिक प्रणालीमा सीमित छैन, यसले सामाजिक, सांस्कृतिक र आर्थिक संरचनामा पनि गहिरो प्रभाव पार्छ ।

पुँजीवाद वर्तमानको विश्व व्यवस्था हो भने, समाजवाद भविष्यको सम्भावित नयाँ व्यवस्था हो, जसले पुँजीवादलाई विस्थापन गर्दै अगाडि बढ्न खोजेको छ । यद्यपि, आज पनि विश्वका केही भागहरूमा समाजवादका विविध मोडेलहरू प्रयोगमा छन्, कसैले सफल परिणाम दिएका छन् भने केही असफल पनि भएका छन् ।

पुरानो पुँजीवादी प्रणाली आफैँलाई जोगाउन समयानुसार विभिन्न रूप धारण गर्दै आएको छ । त्यस्तै, नयाँ समाजवादी प्रणाली पनि आफूलाई विस्तार गर्न विविध अभ्यासमा संलग्न देखिन्छ । प्रारम्भिक पुँजीवाद नवप्रवर्तनशील, रोजगार सिर्जना गर्ने, प्रतिस्पर्धी र सामन्तविरोधी थियो । तर कालान्तरमा यसको स्वरूप बदलिँदै गयो । कहिले एकाधिकारवादी, कहिले उत्पादन नगरी नाफामात्र कमाउने, कहिले सामन्तहरूको पक्षपोषक हुँदै हाल प्रविधिमा आधारित फासीवादतर्फ उन्मुख ।

समाजवादका पनि चिनियाँ, क्युवाली र उत्तर कोरियालीजस्ता विभिन्न मोडेल छन् । जे भए पनि पुँजीवाद र समाजवादको भिडन्त विश्वभर जारी छ । यो भिडन्त कहिले सशस्त्र संघर्षका रूपमा, कहिले संसद्मा, सडकमा, त कहिले सरकारमै देखापर्छ । साथै, संघर्षको अर्को गहिरो रूप हो, घुसपैठ ।

सीधै कम्युनिस्टहरूलाई पराजित गर्न नसक्ने अवस्थामा प्रतिक्रियावादीहरूले कम्युनिस्ट पार्टीभित्रै घुसपैठ गराउने रणनीति अपनाउँछन् । यस्ता अभ्यासहरूले विश्वभरिका कम्युनिस्ट आन्दोलनहरूलाई प्रभावित पारेका छन् । जुन आन्दोलन घुसपैठबाट जोगिएको छ, त्यहाँ उपलब्धि देखिन्छ र जोगिन नसकेका आन्दोलनहरू गम्भीर क्षतिको सामना गर्दै समाप्त भएका छन् ।

नेपालको वाम आन्दोलनले पुँजीवादसँग सीधा संघर्ष गरेको इतिहास छैन । उनीहरूले पुँजीवादीहरूसँग मिलेर सामन्तवादको अन्त्य गरेका हुन् । तर त्यो सहकार्यपछि नेपालका समाजवादीहरूको विचारधारात्मक अडान, नीति निर्माण र संघर्षको परम्परामा उल्लेखनीय विचलन आएको देखिन्छ ।

त्यसैले आजका नेपाली कम्युनिस्टहरू यथास्थितिवादीजस्ता देखिन्छन् । संसद् वा सरकार सञ्चालनमा उनीहरू र बुर्जुवाहरूबिच विशेष भिन्नता अनुभव हुँदैन ।

जसरी यो लेखको सुरुवातमा भनिएको छ । गणतन्त्र प्राप्तिपछि समाज फेरि दुई धारमा विभाजित हुनु जरुरी थियो; पुँजीवाद र समाजवादका

> आज आवश्यकता छ, गौरवशाली वाम आन्दोलनको पुनर्निर्माणको । यसको लागि प्रतिक्रियावादी र प्रतिगामीहरूसँग मात्र होइन, सम्पूर्ण पुँजीवाद र यसको राजनीतिक प्रतिनिधिहरूसँग तत्काल सम्बन्धविच्छेद घोषणा गर्नुपर्छ ।

रूपमा । मानव जातिको विकास भिन्न मत, विभाजन, संघर्ष र समाधानबाट भएको इतिहास भएकाले यो विभाजन आवश्यक थियो । तर नेपालमा त्यो सम्भव हुन सकेन । नेपालको गणतन्त्र, लोकतान्त्रिक आन्दोलन, वाम आन्दोलन, जनताको जनजीवन र मुलुकको समृद्धिको आकांक्षामै समस्या देखापऱ्यो । समाजवादी र पुँजीवादीहरू एउटै कित्तामा उभिन थालेपछि समस्याहरू झनै गहिरिएका छन् । बरु आज सामाजिक असन्तुष्टिहरूको प्रतिनिधित्व प्रतिगामी र सामाजिक लफंगाहरूले गर्न थालेका छन् । यस्तो अवस्था केवल अप्राकृतिक मात्र होइन, लाजमर्दो पनि हो । त्यसैले त एकीकृत समाजवादीका महासचिव घनश्याम भुसाल भन्छन्, 'आज गणतन्त्रवादीहरूले आफ्नो अनुहारमा आफैं कालो पोत्नुपर्छ ।'

अब समस्या समाधानको सुरुवात बिन्दु पुँजीवादीहरूसँग समाजवादीहरूको स्पष्ट सम्बन्धविच्छेद हो । दुर्भाग्यवश: नेपालको कम्युनिस्ट आन्दोलन यो निर्णयको लागि तयार छैन । यसमा प्रतिक्रियावादीहरूको भूमिका त छँदै छ, तर त्योभन्दा बढ्ता कम्युनिस्ट पार्टीभित्रका थाकेका, गलेका, वयोवृद्ध र सत्तामोहमा डुबेका नेताहरूको सक्रियता देखिन्छ ।

यही कारणले पुँजीवादी र प्रतिगामीहरूसँग चुनावी गठबन्धन हुन्छ, सँगै सत्तारोहण हुन्छ । यत्तिमात्र होइन, प्रतिगामी सहकारी ठग र मानव बेचबिखनमा लागेकाहरूको पक्षमा ढाल बनेर उभिन्छन् । कम्युनिस्ट भनिनेहरूले नै अरू कम्युनिस्टहरूलाई झूटा भ्रष्टाचारका मुद्दामा फसाउन तल्लीन देखिन्छन् । अनि त 'हामीलाई भोट देऊ वा कांग्रेसलाई देऊ' भन्दै दुई पार्टी प्रणालीको पक्षमा उभिन्छन् ।

आजको अवस्था यस्तो छ- नेपालका तथाकथित वामपन्थीहरू पैसा खर्च गरेर आफ्नै जयजयकार गराउँछन् । नीति निर्माणमा हुकुम जारी गर्छन्, संगठन निर्माणमा दासहरू भर्ना गर्छन् ।

आफूलाई कम्युनिस्ट भन्नेहरूले गर्वका साथ भन्नुपर्ने हो - 'म साँचो लोकतन्त्रवादी हुँ, म न्याय र समानताका लागि काम गर्छु, म श्रमजीवी हुँ, म श्रमको सम्मान गर्छु, म मानवताको पक्षमा छु, म शोषणविहीन समाज चाहन्छु, म समाजको निरन्तर गतिशीलता र प्रगतिमा विश्वास गर्छु म युद्ध र हिंसाविरुद्ध छु ।'

तर हाम्रो आन्दोलन यति विकृत भइसकेको छ कि मान्छेहरू 'म झोले हुँ' भन्दै गर्व गर्न थालेका छन् । प्रश्न उठ्छ- के झोले आन्दोलन वाम आन्दोलन हुन सक्छ ? कदापि हुन सक्दैन ।

त्यसैले आज आवश्यकता छ, गौरवशाली वाम आन्दोलनको पुनर्निर्माणको । यसको लागि प्रतिक्रियावादी र प्रतिगामीहरूसँग मात्र होइन, सम्पूर्ण पुँजीवाद र यसको राजनीतिक प्रतिनिधिहरूसँग तत्काल सम्बन्धविच्छेद घोषणा गर्नुपर्छ ।

समाजलाई विचारधारात्मक रूपमा विभाजित गर्न, र यस विभाजनबाट उत्पन्न हुने संघर्षका लागि तयार हुन अब विकल्प छैन । त्यसका लागि झोलेहरू र झोले आन्दोलनका प्रवर्तकहरूलाई पराजित गर्नैपर्छ । अर्थात्, आन्दोलनभित्र घुसपैठ गर्नेहरूलाई हटाउनैपर्छ । यसैमा निहित छ—सकारात्मक वैचारिक ध्रुवीकरण र शुद्ध वाम आन्दोलनको पुनर्गठन । त्यसैले अब हामीले स्पष्ट भन्नैपर्छ - कम्युनिस्ट आन्दोलन जिन्दाबाद, झोले आन्दोलन मुर्दावाद । रातोपाटीडटकमबाट

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |


### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# फिल्म शोलेबारे ४५ रोचक तथ्य




काठमाडौं । रमेश सिप्पीको 'शोले' (१९७५) ले हिन्दी सिनेमाको दिशा नै बदलिदियो । यसले संलग्न कलाकारहरूको जीवन परिवर्तन गऱ्यो । व्यावसायिक चलचित्रको सफलताको मानक बन्यो ।
यो चलचित्र दुई साथीहरू जय (अमिताभ बच्चन) र वीरु ( धर्मेन्द्र) को कथा हो । उनीहरूले ठाकुर (संजीव कुमार) को तर्फबाट डाकु गब्बर सिंह ( अमजद खान) लाई सजाय दिन्छन् ।
यसका पात्रहरूले बोल्ने संवादहरू आम व्यक्तिका मुखमा अहिले पनि झुण्डिरहेका छन् । कताकता यसका पात्रहरू हाम्रै सांस्कृतिक परम्पराको अङ्ग पनि बनेका छन् ।
अहिले चलचित्र रिलिज भएको ५० वर्ष भइसकेको छ । तर यसका यस्तै धेरै रोचक तथ्यहरू तपाईंलाई थाहा नभएको हुन सक्छ ।

१. सन् १९९९ मा बीबीसी इन्डिया र अन्य सर्वेक्षणहरूले 'शोले'लाई मिलेनियमको चलचित्र घोषित गरेको थियो ।
२. सन् १९७५ देखि १९८० सम्म मुम्बईको मिनर्वा थिएटरमा 'शोले' लगातार पाँच वर्षसम्म निरन्तर प्रदर्शन भएको थियो ।
३. 'शोले' भारतको पहिलो ७० मिलिमिटर, स्टीरियोफोनिक साउन्ड चलचित्र थियो । तर मिनर्वा थिएटरमा फिल्मको प्रिमियर भने ३५ मिमी प्रिन्टले गरिएको थियो । किनकि ७० मिमी प्रिन्टहरू भन्सारमा अड्किएका थिए ।
४. चलचित्रका लेखक सलिम खान र जावेद अख्तरले साइनिङ रकमको रूपमा १० हजार भारु पाएका थिए, जुन १९७० को दशकमा ठूलो रकम थियो ।
५. अभिनेता संजीव कुमारले 'ठाकुर'को नभई 'गब्बर' को भूमिका खेल्न इच्छा देखाएका थिए । त्यसैले निर्देशकलाई उक्त भूमिकामा आफू ठिक रहेको देखाउन उनले आफ्नो दाँत कालो पार्ने र कपाल मुण्डाउने सम्मको प्रस्ताव गरेका गरेका थिए ।
६. धर्मेन्द्र ठाकुरको भूमिका खेल्न चाहन्थे । तर निर्देशकले उनले त्यसो गरेमा हेमा मालिनी संजीव कुमारको हुन सक्छिन् भनेर सम्झाएका थिए । किनकि धर्मेन्द्र-हेमा प्रेमकथा भर्खर सुरु हुँदै थियो । तर संजीवले पहिले नै हेमालाई विवाहको प्रस्ताव गरिसकेका थिए ।
७. निर्माताहरूले सुरुमा जयको भूमिकाका लागि शत्रुघ्न सिन्हालाई विचार गरेका थिए ।
८. जयको भूमिकामा अमिताभ बच्चनलाई सलीम खानले सिफारिस गरेका थिए । यस कुरामा केही विरोध भए पनि पछि सबै सहमत भएका थिए ।
९. सुरुमा दिलीप कुमारलाई ठाकुरको भूमिका प्रस्ताव गरिएको थियो । तर उनले अस्वीकार गरे । पछि भने पछुतो लागेको उनले बताएका थिए ।
१०. डेनी डेन्जोङ्पालाई गब्बर सिंहको भूमिका प्रस्ताव गरिएको थियो । तर त्यसबेला उनी 'धर्मात्मा' को सुटिङमा व्यस्त थिए ।
११. राधा (जया बच्चन)ले बत्ति निभाउने र जय (अमिताभ बच्चन)ले हार्मोनिका बजाउने एक मिनेटको दृश्य खिच्न सिनेमेटोग्राफरलाई २० दिन लागेको थियो । किनकि यो कुरा सूर्यास्तको 'म्याजिक आवर'मा खिचिएको थियो ।
१२. गब्बरले ठाकुरको परिवारलाई मार्ने दृश्य खिच्न टिमलाई तीन शेड्युलमा २३ दिन लागेको थियो ।
१३. गब्बर सिंह चलचित्रको केवल ९ दृश्यहरूमा देखिन्छन् ।
१४. सलीम खानका बुबाले उनलाई गब्बर नामक एक कुख्यात डाकुको कथा सुनाउने गर्थे । उनी प्रहरी थिए । त्यहीबाट फिल्मको पात्र गब्बर सिंहको नाम आएको हो ।
१५. फिल्मको पात्रको नाम ठाकुर बलदेव सिंह वास्तवमा सलीम खानका ससुराको नाम हो ।
१६. बैंगलोरको हरियाली क्षेत्रमा सुटिङ गर्दा धेरैले राजस्थान जस्ता क्षेत्रमा खिचिनुपर्ने भनेर असन्तुष्टि जनाएका थिए ।
१७. यो फिल्म सुरुमा ६ महिनाभित्रमा खिचिसक्ने योजना थियो । तर सुटिङ नै एक वर्षभन्दा बढी समय लगाएर गरिएको थियो । यसको कारण भनेको कलाकारहरूको तालिका नमिल्नु थियो ।
१८. गब्बर लुक्ने दृश्यहरू बैंगलोरको रामनगरमा शूट गरिएको थियो । पछि सो ठाउँको नाम नै निर्देशक रमेश सिप्पीको सम्मानमा 'सिप्पी नगर' नामाकंन गरिएको थियो ।
१९. फिल्मको क्लाइमेक्स दृश्यका लागि वास्तविक गोलीहरू प्रयोग गरिएको थियो । त्यसो गर्दा अमिताभ बच्चन बालबाल बचेका थिए । किनकि धर्मेन्द्रले गोली हान्द इन्चभरले मात्र चुकेको थियो ।
२०. यो फिल्म अघि डाकुहरूलाई धोतीकुर्तामा देखाइन्थे । तर यसमा भने गब्बर सिंहलाई एक आधुनिक डाकुको रूपमा देखाइएको छ । त्यसमाथि पनि उसले सैनिक पोशाक लगाउने गर्छ ।
२१. गब्बर पात्रको लुगा मुम्बईको चोर बजारबाट किनिएको थियो । त्यसलाई अमजद खानले दिनरात लगाएर पुरानो बनाएका थिए ।
२२. गब्बर सिंहको चरित्र यति प्रसिद्ध भयो कि ब्रिटानिया बिस्कुटले अमजद खानले बिस्कुट खाँदै गरेको विज्ञापन बनायो । कुनै पनि खलनायक चरित्रलाई लिएर कम्पनीको उत्पादनमा प्रचार गरिएको यो पहिलो भारतीय घटना थियो । तर विज्ञापन सफल भयो । र तत्कालै उत्पादनको विक्री दोब्बर भयो ।
२३. ग्लुकोज बिस्कुटदेखि ग्राइप वाटरसम्मको विक्री वितरणमा 'शोले' प्रयोग गरिएको छ ।
२४. 'शोले'को स्क्रिप्ट सुरुमा प्रकाश मेहरालाई दिइएको थियो । तर त्यसबेला उनी 'जंजीर'मा व्यस्त थिए । त्यसपछि मात्र स्क्रिप्ट रमेश सिप्पीको हातमा पुगेको थियो ।
२५. सुरुमा ठाकुरको भूमिकामा प्राणलाई विचार गरिएको थियो । उनले त्यसअघि सिप्पीका अन्य चलचित्रहरूमा काम गरिसकेका थिए । तर रमेश सिप्पी संजीव कुमारको प्रतिभामा आश्वस्त थिए।
२६. फिल्ममा एउटा पानी ट्यांकीको दृश्य छ । जहाँ चढेर वीरुले आत्महत्या गर्ने धम्की दिन्छन् । तर स्क्रिप्टमा त्यो लिखिएको थिएन । लेखक जावेदले बैंगलोर एयरपोर्ट जाँदै गर्दा गाडीमा बसेर त्यो सिन लेखेका थिए ।
२७. जयको सिक्का पल्टाउने सीप 'गार्डेन अफ इभिल'बाट प्रेरित भएर लिइएको थियो ।
२८. ठाकुरको परिवारको हत्या गर्ने दृश्य 'वान्स अपन अ टाइम इन त वेस्ट' बाट प्रभावित थियो ।
२९. सुरुको स्क्रिप्टमा सूरमा भोपाली (जगदीप)को पात्र थिएन । त्यो जावेदले पछि मात्र थपेका थिए ।
३०. रेकर्ड गरिए पनि 'के चाँद सा कोई चेहरा' नामको गीत फिल्म समावेश गरिएको थिएन । यो गीत आनन्द बख्शीले लेखेका थिए भने मन्ना डे, किशोर कुमार र भूपेन्द्रले गाएका थिए ।
३१. 'के चाँद सा कोई चेहरा'मा गीतकार बख्शीले पनि गाएका थिए । तर फिल्ममा यो गीत नराखेका कारण उनले निर्माण टोलीसँग लामो समय गुनासो गरिरहे । किनकि उनले सोचेका थिए कि सो गीतबाट उनले  गायकको रूपमा करियर बनाउन सक्थे ।
३२. अभिनेता सचिन पिलगांवकरलाई पारिश्रमिक स्वरूप एउटा फ्रिज दिइएको थियो ।
३३. धर्मेन्द्रले रोमान्टिक दृश्यहरूमा बारम्बार लाइट बिग्रियोस् भनेर लाइट ब्वाइहरूलाई पैसा दिन्थे । यसको कारण हेमा मालिनीलाई बारम्बार अँगालो हाल्नु थियो ।
३४. फिल्मको ओरिजिनल इन्डिङमा ठाकुरले आफ्नो खुट्टा प्रयोग गरेर गब्बरको हत्या गरेका थिए । किनभने उनको दुवै हातहरू गब्बरले काटिदिएको हुन्छ ।
३५. तर सेन्सर बोर्डले उक्त दृश्य धेरै हिंसात्मक भएको भन्दै अन्त्य परिवर्तन गर्न लगाएको थियो । त्यसले गर्दा यसको क्लाइमेक्स फेरि खिचिएको थियो ।
३६. 'मेहबूबा' गीतमा देखाइएको दृश्यहरू स्क्रिप्टमा थिएन । तर निर्देशक रुसिप्पीले लन्डनमा डेमिस रुसोसको 'से यू लभ मी' सुनेपछि यसको रचना गरेका थिए ।
३७. चलचित्र छायांकन हुँदै गर्दाको समयमा नै सम्पादन पनि सुरु गरिएको थियो ।
३८. यस फिल्म सुरुमा ३ लाख फिट निगेटिभमा खिचिएको थियो । तर पछि घटाएर २० हजार फिटमा झारिएको थियो ।
३९. जावेदले सुरुमा फिल्मको नाम 'अंगारे' राखेका थिए । पछि मात्र 'शोले' राखिएको थियो । जुन सलीम खानको विचार थियो ।
४०. 'मेहबूबा' गीत आशा भोसलेले गाउन नमानेपछि आर.डी. बर्मनले आफैं गाएका थिए । भोसलेलाई बुढी जिप्सी महिलाको आवाजमा गाउन लगाइएको थियो ।
४१. सुरुको चलचित्रको बजेट १ करोड थियो । तर अन्तिम खर्च ३ करोड पुगेको थियो ।
४२. जावेदलाई सुरुमा सबैले यो फिल्म फ्लप हुने बताएका थिए । तर त्यस्तो भन्ने सबै गलत प्रमाणित भए ।
४३. बक्स अफिसको प्रारम्भिक रिपोर्टहरूले 'शोले' फ्लप हुने देखिएको थियो । तर निर्माण टोलीले फिल्मले १ करोड कमाउने छ भनेर विज्ञापन गरेका थिए ।
४४. यो चलचित्र १०० भन्दा बढी सिनेमाघरहरूमा २५ हप्तासम्म लगातार प्रदर्शन भएको थियो ।
४५. दर्शकमाझ ब्लकबस्टर साबित भएको 'शोले'ले मात्र एक फिल्म फेयर अवार्ड (बेस्ट एडिटिङ) जितेको थियो ।

# ४७ व्यापारीविरुद्ध मुद्दा दायर

दैनिक समाचारदाता
बागमती, २९ जेठ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले पछिल्लो २२ महिनामा ४७ जना व्यवसायीविरुद्ध मुद्दा दायर गरेको छ । कार्यालय र मातहतका विभिन्न डिभिजन कार्यालयबाट गरिएको अनुगमन तथा सङ्कलित नमूनाको परीक्षणबाट देखिएको कैफियताका आधारमा उनीहरुविरुद्ध मुद्दा दायर गरिएको हो ।



कार्यालय प्रमुख काशीनाथ घिमिरेका अनुसार चालु आव २०८१/८२ गरिएको अनुगमन तथा सङ्कलित नमूनाको परीक्षणबाट देखिएको कैफियताका आधारमा तीन जना व्यवसायीविरुद्ध खाद्य स्वच्छता तथा गुणस्तर ऐन अन्तर्गत मुद्दा दायर गरिएको हो ।

उक्त कार्यालयले अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा ४४ जना व्यापारीविरुद्ध मुद्दा दायर गरेको थियो । अनुगमनका क्रममा सङ्कलन गरिएको नमूना परीक्षणका क्रममा स्वास्थ्य प्रतिकुल हुने गरी मिसावट गर्ने, म्याद गुज्रेको समान बिक्री गर्ने व्यवसायीविरुद्ध सम्बन्धित जिल्लाको जिल्ला अदालतमा मुद्दा दायर गरिएको प्रमुख घिमिरेले जानकारी दिनुभयो ।

आव २०८१/८२ मा सो कार्यालयले खाद्य अनुज्ञापत्र सिफारिस, जारी तथा नविकरण ४८३ वटा, दाना अनुज्ञापत्र सिफारिस जारी तथा नवीकरण १८ वटा, ऐन बमोजिम खाद्य तथ दाना नमूना सङ्कलन ९० वटा र खाद्य स्वच्छता सर्भिलेन्सका लागि १८३ सङ्कलन गरी नमूना विश्लेषण गरिएको प्रमुख घिमिरेले बताउनुभयो ।

नमूना विश्लेषण गर्दा प्रतिकुल आएका ८५ नमूनाहाई नियामनुसार कानुनी प्रक्रियाअघि बढाउने, पुनःजाँच गराई मापदण्डअनुरुप सुधार गर्न लगाउने तथा व्यवसायीलाई सजग गराई प्रतिबद्धता गर्न लगाइएको प्रमुख घिमिरेको भनाइ छ । सो अवधिमा गरिएको अनुगमन, निरीक्षण तथा न्यायिक निकायबाट फैसला कार्यान्वयनका क्रममा उपभोग्य अवधि समाप्त भएका, लेवल विवरण नभएका, सडेगलेकालगायतका अखाद्य भएका रु ११ लाख ३३ हजार मूल्य बराबरको वस्तुहरु जफत गरी सरोकारबालाको रोहबरमा नष्ट गरिएको प्रमुख घिमिरेको भनाइ छ ।

होटल तथा रेष्टुरेन्टको स्तरीकरण गर्न जनप्रतिनिधि, होटल व्यवसायी तथा सञ्चारकर्मीको रोहबरमा सौरहा चितवन लगायतका स्थानमा सञ्चालित १३ वटा होटल तथा रेष्टुरेन्टकलाई स्तरीकरण तथा लोगो वितरण गरिएको छ । सो कार्यालयले विभिन्न कार्यक्रम गरी जेठ १८ गतेदेखि २४ गतेसम्म विश्व खाद्य स्वच्छता दिवससमेत मनाएको छ ।

# एक साताभित्र देशभर मनसुन सक्रिय हुन्छ : मौसम विज्ञान विभाग



दैनिक समाचारदाता
काठमाडौँ २९ जेठ । जल तथा मौसम विज्ञान विभागले एक साताभित्र देशभर मनसुन सक्रिय हुने जनाएको छ । यस वर्ष औसत मितिभन्दा १५ दिन अघि नै नेपालको पूर्वी भूभागमा मनसुन प्रवेश गरेको र एक साताभित्र देशभर मनसुन सक्रिय हुने विभागले जनाएको हो ।

विभागकी वरिष्ठ मौसमविद् शान्ति कँडेलले बिहीबारबाट देशव्यापी रूपमा वर्षाका गतिविधि वृद्धि हुँदै गएको जानकारी दिइन् । केही दिन सबै प्रदेशमा हल्कादेखि भारी वर्षाको सम्भावना देखिएको उनले बताइन् । उनले हालसम्म मनसुनी वायु पूर्वी क्षेत्रमा मात्रै रहेको र एक साताभित्र देशभर फैलने जानकारी दिइन् । कँडेलले यस वर्ष देशभर वर्षाका साथै अधिकतम तथा न्यूनतम तापक्रम समेत औसत भन्दा बढी मापन हुने सम्भावना देखिएको उल्लेख गरिन् । उनले जल तथा मौसम प्रकोपबाट हुने क्षति न्यूनीकरणका लागि सर्वसाधारणहरूले समेत मौसमको जानकारी लिनुपर्ने बताइन् ।

# सञ्चारकर्मीले विभेद अन्त्यका लागि कलम चलाउनुपर्छ : मन्त्री लेखी




दैनिक समाचारदाता

जनकपुरधाम, २९ जेठ। मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले प्रदेश सरकारले आफ्नै सञ्चार संस्था स्थापना गर्ने तयारी गरेको बताउनुभयो। बिहीबार धनुषाको ढल्केबरमा आयोजित 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थायित्वमा मधेश प्रदेशका गोरखापत्र समाचारदाताको भूमिका' विषयक दुई दिने कार्यक्रमको समापन कार्यक्रममा मन्त्री लेखीले यो कुरा बताउनुभयो।

उहाँले टेलिभिजन, रेडियो र प्रदेश समाचार समितिको स्थापना गर्ने तयारीसमेत अघि बढाइएको बताउँदै त्यसबाट प्रदेशका करिब ५० देखि ६० जनासम्म सञ्चारकर्मीलाई रोजगारीको अवसर प्राप्त हुने जानकारी दिनुभयो।

मन्त्री लेखीले सञ्चारकर्मी र सञ्चार क्षेत्रको अभिवृद्धिका लागि मन्त्रालयलले प्रदेशका आठवटै जिल्लामा रहेका नेपाल पत्रकार महासङ्घका शाखालाई १० लाख रुपियाँका दरले उपलब्ध गराउने योजनासमेत अघि बढाइएको उल्लेख गर्नुभयो। उहाँले सञ्चार महोत्सव, कार्यशाला गोष्ठी तथा पत्रकारको क्षमता अभिवृद्धिका कार्यक्रम मन्त्रालयमार्फत नियमित रूपमा सञ्चालन गर्ने स्पष्ट पार्नुभयो।

सञ्चार क्षेत्रमा प्रदेश सरकारले सुरु गर्न लागेको यस्ता संस्थागत संरचनालाई लिएर कतिपय स्थानबाट असन्तुष्टि व्यक्त भएको बताउँदै मन्त्री लेखीले आगामी बजेटमा समेत कार्यक्रमलाई समावेश गरिएको जानकारी दिनुभयो।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रले विविधतामा रहेको नेपाली समाजका सबै नागरिकको अधिकार सुनिश्चित गर्ने प्रणाली भएको उल्लेख गर्दै मन्त्री लेखीले सञ्चारकर्मीले अझ जिम्मेवार भएर समाजमा रहेका विभेद र विभाजनको अन्त्यका लागि कलम चलाउनुपर्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "हामी छिटपुट रूपमा व्यवस्थाविरुद्ध गतिविधि देखिरहेका छौं। यसको जिम्मेवारी लिनुपर्छ। हाम्रो व्यवहार, जीवनशैली र कार्यशैलीले ठूलो अर्थ राख्छ।" उहाँले प्रदेश सरकारबाट सञ्चारकर्मीले पाइरहेको सेवा सुविधाभन्दा अझ बढी र दीर्घकालीन योजना ल्याउन लागेको पनि जानकारी दिनुभयो।

गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदीले यस्ता कार्यक्रमले गोरखापत्र परिवारलाई थप ऊर्जा र हौसला मिलेको बताउनुभयो। उहाँले भन्नुभयो, "गोरखापत्र पत्रकारिताको पाठशाला हो। यसको गरिमा अझ बढाउने गरी प्रदेश सरकार र स्थानीय तहसँग सहकार्य गर्दै गोरखापत्रलाई जनमुखी, अनुसन्धानमुखी र जिम्मेवार पत्रिकाका रुपमा विस्तार गर्दै लैजाने योजनामा छौं।" अध्यक्ष सुवेदीले गोरखापत्रलाई सार्वजनिक सेवा पत्रकारिताको अवधारणाअनुसार अघि बढाउने तयारी भइरहेको पनि जानकारी दिनुभयो।

त्यस्तै, कार्यक्रममा गोरखापत्र संस्थानका निमित्त प्रधान सम्पादक जुनारबाबु बस्नेतले गोरखापत्र केवल सूचना दिने माध्यम मात्र नभएर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आवाज भएको बताउनुभयो। प्रदेशका सवाल, नागरिकका अधिकार र जनजीवनका विविध आयामलाई समेटेर समाचार सम्प्रेषण गर्दै आएको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "गोरखापत्रलाई डिजिटल माध्यममा समेत सशक्त बनाउँदै स्मार्ट पत्रिका बनाउने अभियानमा अघि बढिरहेको छ। नीति विश्लेषण, गहिरो रचनात्मक लेखन र समाज रूपान्तरणमा योगदान दिने सामग्रीलाई प्राथमिकता दिइनेछ।"

आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खडगाले प्राधिकरणले सञ्चार संस्थालाई जीवित राख्नका लागि लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "हाम्रो बजेट सीमित भए पनि रेडियो, टेलिभिजन र पत्रपत्रिकालाई समान रूपमा वितरण गर्दै आएका छौं। दुई दिनसम्म चलेको उक्त कार्यक्रममा गोरखापत्र संस्थानका समाचारदाताको उल्लेखनीय सहभागिता रहेको थियो।

# विश्वभर १२ करोड २० लाख मानिस विस्थापित

जेनेभा, २९ जेठ । विश्वव्यापी रूपमा आफ्नो घरबाट जबरजस्ती विस्थापित व्यक्तिहरूको सङ्ख्या रेकर्ड उच्चबाट थोरै घटेको तर 'असमर्थनीय रूपमा उच्च' रहेको संयुक्त राष्ट्रसङ्घले बिहीबार जनाएको छ ।

सन् २०२४ को अन्त्यमा विश्वभरका १२ करोड ३२ लाख मानिस जबरजस्ती आफ्नो घरबार छोडेर विस्थापित भएका छन् ।

तर यो सङ्ख्या सिरियालीहरू वर्षौंको उथलपुथल पछि घर फर्कन थालेकाले यस वर्षको अप्रिलको अन्त्यमा १२ करोड २१ लाखमा झरेको छ ।

करिब २० लाख सिरियाली भारतबाट वा युद्धग्रस्त देशभित्र विस्थापनबाट घर फर्कन सक्षम भएका छन् ।

तर युएनएचसिआरले विश्वव्यापी रूपमा कसरी ठूला द्वन्द्वहरू भए यसले यो आँकडा फेरि बढ्ने छ कि छैन भनेर निर्धारण गर्ने चेतावनी दिएको छ ।

एजेन्सीले विश्वव्यापी रूपमा युद्ध, हिंसा र उत्पीडनबाट विस्थापित मानिसहरूको सङ्ख्या 'असहनीय रूपमा उच्च' भएको बताएको छ ।

"हामी अन्तर्राष्ट्रिय सम्बन्धमा तीव्र अस्थिरताको समयमा बाँचिरहेका छौँ, आधुनिक युद्धले गम्भीर मानव पीडाले चिह्नित नाजुक, कष्टप्रद परिदृश्य सिर्जना गरेको छ", शरणार्थीका लागि संयुक्त राष्ट्र उच्चायुक्त फिलिपो ग्रान्डीले भन्नुभयो, "हामीले शान्तिको खोजी गर्ने प्रयासलाई दोब्बर बनाउनुपर्छ र शरणार्थी र आफ्नो घरबाट भाग्न बाध्य भएका अन्यका लागि दीर्घकालीन समाधान खोज्नुपर्छ ।"

*- सुडानले सिरियालाई उछिन्ने -*

विस्थापनका मुख्य चालकहरू सुडान, म्यान्नमा र युक्रेनमा जस्तै फैलिएको द्वन्द्वका रूपमा रहेको युएनएचसिआरले आफ्नो प्रमुख वार्षिक ग्लोबल ट्रेन्ड्स प्रतिवेदनमा भनेको छ ।

सिरियामा सन् २०११ मा गृहयुद्ध सुरु भएको थियो तर सन् २०२४ को डिसेम्बरमा सिरियाका राष्ट्रपति बसर अल असदलाई सत्ताबाट हटाइयो ।

यस वर्षको पहिलो महिनाहरूमा घर फर्कने सिरियालीहरूको सङ्ख्या बढेको प्रतिवेदनले जनाएको छ । मे महिनाको मध्यसम्ममा पाँच लाखभन्दा बढी सिरियाली असदको पतनपछि देशमा फिर्ता आएको अनुमान गरिएको छभने अनुमानित १२ लाख आन्तरिक विस्थापित मानिसहरू नोभेम्बरको अन्त्यदेखि आफ्नो मूल क्षेत्रमा फर्केका छन् ।

युएनएचसिआरको अनुमानअनुसार सन् २०२५ को अन्त्यसम्ममा १५ लाख सिरियाली विदेशबाट र २० लाख आप्रवासी स्वदेश फर्कन सक्छन् ।

सुडान अहिले एक करोड ४३ लाख शरणार्थी र आन्तरिक रूपमा विस्थापितसँग विश्वको सबैभन्दा ठूलो जबरजस्ती विस्थापन अवस्था हो । यसपछि सिरिया एक करोड ३५ लाख, अफगानिस्तान एक करोड तीन लाख०.३ मिलियन) र युक्रेनमा ८८ लाख छ ।

"सन् २०२५ को बाँकी अवधिमा धेरै मुख्य परिस्थितिहरूको गतिशीलतामा निर्भर हुनेछ", वार्षिक प्रतिवेदनले भन्यो, "यसमा विशेष गरी कङ्गो लोकतान्त्रिक गणतन्त्र, सुडान र युक्रेनमा शान्ति, वा कम्तीमा लडाइँमा रोक लगाउन सम्भव छ कि छैन भन्ने कुरा समावेश छ ।"

यो अफगानिस्तान र सिरियामा फिर्ताको अवस्था सुधार हुन्छ कि हुँदैन भन्ने कुरामा पनि निर्भर गर्दछ । (रासस/एएफपी) :

# सर्लाहीको चक्रघट्टाका पूर्वअध्यक्ष यादवसहित १० विरुद्ध भ्रष्टाचार मुद्दा

दैनिक समाचारदाता

काठमाणडौं, २९ जेठ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाहीको चक्रघट्टा गाउँपालिकाका पूर्वअध्यक्ष विक्रम यादवसहित १० जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको भन्दै आयोगले उनीहरूविरुद्ध अभियोग दर्ता गरेको हो ।




आयोगका अनुसार पूर्वअध्यक्ष यादव सहितको सङ्लग्नतामा सौर्य बत्ती जडानका लागि छुट्याइएको बजेटमा चरम अनियमितता भएको थियो ।चक्रघट्टा गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ मा गाउँपालिकाबाट सौर्य बत्ती जडान कार्यक्रमको लागि दुई करोड १६ लाख रुपैयाँ छुट्याएको थियो ।गाउँपालिकाका सबै नौ वडाका लागि नौवटै शीर्षकमा उक्त रकम विनियोजन गरिएको थियो । छुट्ट्याइएको बजेट टुक्रा-टुक्रा पारी ठेक्का लगाएर अनियमितता भएपछि अख्तियारमा उजुरी परेको थियो ।उजुरी निवेदनमाथि अनुसन्धान हुँदा स्वीकृत वार्षिक कार्यक्रममा विनियोजित रकमलाई पोल खरिद, सोलार प्यानल खरिद, लाइटरताररनटबोल्ट खरिद, ब्याट्री खरिद र चार्ज कन्ट्रोलर खरिद तथा इन्स्टलेसनसमेतको लागि बदनियत राखी टुक्राई पाँचवटा प्याकेज बनाइएको पाइएको आयोगले जनाएको छ ।सुरुमा स्वीकृत विनियोजित बजेटभन्दा बढी हुनेगरी दुई करोड ५३ लाख १७ हजार २५० रुपैयाँको लागत अनुमान स्वीकृत गराएको पनि विशेष अदालतमा दायर आरोपपत्रमा उल्लेख छ ।आयोगले गाउँपालिकाका तत्काली अध्यक्ष यादवसहित तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत लालबाबु प्रसाद साह, लेखा अधिकृत शिव शंकर प्रसाद कुशवाहा, सहायक पाँचौं (लेखापाल) संजय कुमार ठाकुर, सहायक पाँचौं एवं जिन्सी शाखा प्रमुख राम कैलाश राय यादव, सब-इन्जिनियर सन्तोष राय, सब-इन्जिनियर राजु राय, स्काई राइज ट्रेडिङ कन्सर्न मलंगवा सर्लाही तथा उक्त कम्पनीका प्रोप्राइटर जय प्रकाश यादव र एस.के.स्टोर्स मलंगवा तथा उक्त कम्पनीका प्रोप्राइटर रंजुकुमारी शाह र जियो टेक्निकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन नेपाल मलंगवा तथा उक्त कम्पनीका प्रोप्राइटर संगीता कुमारीविरुद्ध कसुर रकम बमोजिमको बिगो मागदाबी गरेको हो ।

# मधेश प्रदेशसभा सदस्य सिंह भ्रष्टाचार आरोपमा पक्राउ



दैनिक समाचारदाता

जनकपुरधाम २९ जेठ। मधेश प्रदेशका प्रदेशसभा सदस्य तथा जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता सरोज सिंह कुशवाहालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले पक्राउ गरेको छ । उनलाई काठमाडौंको अनामनगरबाट आयोगले पक्राउ गरेको हो ।

कुशवाहा महोत्तरी क्षेत्र नं. ४ (ख) बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । उनी मधेश प्रदेश सरकारमा आन्तरिक मामिला तथा कानुन राज्यमन्त्रीको जिम्मेवारी समेत सम्हालि सकेका छन् ।

जेठ १२मा आयोगले कुशवाहाको घरमा छापा मारेको थियो । सो क्रममा उनका स्वकीय सचिव विनोदकुमार लाल कायस्थलाई समेत पक्राउ गरिएको थियो । छापाबाट आयोगले विभिन्न सरकारी योजनासम्बन्धी कागजातहरू बरामद गरेको थियो भने मोबाइल उपकरणहरू नियन्त्रणमा लिएर डिजिटल फरेन्सिक परीक्षणका लागि पठाइएको छ ।

प्राप्त जानकारीअनुसार, कुशवाहामाथि मधेश प्रदेश सरकारअन्तर्गत सञ्चालित विकास योजनाहरू खरिदबिक्री गरेर आर्थिक लाभ लिएको आरोपमा अनुसन्धान भइरहेको छ ।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, १४, मधेश प्रदेश

मो.नं.: ९८१९८३५३१४

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४